February 3rd 2025 Monday

## National News

प्रमुख समाचार:

1. संसदको संयुक्त बैठकमा राष्ट्रपतिले गरेको सम्बोधनमा धन्यवाद प्रस्तावमाथि लोकसभा र राज्यसभामा छलफल जारी
2. दिल्ली विधानसभा चुनावको प्रचारको आज अन्तिम दिन, विभिन्न दलका शीर्ष नेताहरूले मतदातालाई आकर्षित गर्न प्रयासरत
3. भारतीय-अमेरिकी गायिका चन्द्रिका टन्डन एल्बम 'त्रिवेणी' को लागि बेस्ट न्यू एज, एम्बियन्ट वर्गमा ग्रामी अवार्ड जित्न सफल
4. उत्तराखण्डमा जारी ३८औँ राष्ट्रिय खेलकुदमा महिलातर्फ ५० मिटर थ्री पोजिसन सुटिङ्मा पञ्जाबकी सिफत कौर साम्रालाई स्वर्ण पदक

### 1. Rajya Sabha / Loksabha– Motion of Thanks

संसदको संयुक्त बैठकमा राष्ट्रपतिले गरेको सम्बोधनमा धन्यवाद प्रस्तावमाथि लोकसभा र राज्यसभामा छलफल भयो। राज्यसभामा छलफलको प्रारम्भ गर्दै भाजपाका किरण चौधरीले किसानको आम्दानी दोब्बर गर्न सरकारले धेरै ठूला कदम चालेको बताउनुभयो। छलफलमा भाग लिँदै विपक्षी दलका नेता तथा कांग्रेसका श्री मल्लिकार्जुन खर्गेले बेरोजगारी, उपभोग्य वस्तुको मूल्यवृद्धि र अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँको मूल्यमा आएको गिरावटको विषय उठाउनुभएको थियो । त्यसैगरि राष्ट्रपतिको सम्बोधनमाथिको धन्यवाद प्रस्तावमाथि आज लोकसभामा छलफल भयो। छलफलको क्रममा विपक्षी नेता र कांग्रेस सांसद राहुल गान्धीले राष्ट्रपतिको भाषण विगतका वर्षहरू जस्तै भएको बताउनुभयो। बेरोजगारीको मुद्दा उठाउदै श्री गान्धीले देशको भविष्य युवाहरुको हातमा रहेको र यो मुद्दालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। यसअघि प्रस्ताव पेश गर्दा भारतीय जनता पार्टीका रामवीर सिंह विधुरीले श्री नरेन्द्र मोदी नेतृत्वको केन्द्र सरकारका काम र जनकल्याणकारी योजनाको उल्लेख गर्नुभएको थियो।

## 2. Delhi Election

दिल्ली विधानसभा चुनावको प्रचारप्रसारको आज अन्तिम दिन हो । प्रमुख राजनीतिक दलका उम्मेदवार, वरिष्ठ नेता तथा स्टार प्रचारकहरूले मतदातालाई रिझाउन कुनै कसर बाँकी राखेका छैनन् । प्रमुख राजनीतिक दलका नेताहरुले सडक शो, घरदैलो अभियान, पत्रकार सम्मेलन र जनसभा गरिरहेका छन् । भाजपाका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज जंगपुरामा सार्वजनिक सभा गर्नुभयो। श्री शाहले आम आदमी पार्टीको सरकारले दिल्लीका जनतालाई धोका दिएको आरोप लगाउनुभयो। आम आदमी पार्टीका प्रमुख श्री अरविन्द केजरीवालले पनि आज दिउँसो सार्वजनिक सभा र रोड शो गर्नुभयो। दिल्ली कांग्रेसका अध्यक्ष श्री देवेन्द्र यादवले चुनाव जित्ने विश्वास व्यक्त गर्नुभएको छ। ७० सदस्यीय दिल्ली विधानसभाका लागि कुल ६९९ उम्मेदवार चुनावी मैदानमा छन्। बुधबार मतदान हुनेछ भने शनिबार मतगणना हुनेछ ।

## 3. Loksabha – Digital Payment

गत आर्थिक वर्षमा देशमा डिजिटल भुक्तानी लेनदेन 18 हजार करोड रुपैयाँभन्दा बढी थियो, जसले वार्षिक 44 प्रतिशतको वृद्धि दरलाई सङ्केत गर्छ। आज लोकसभामा लिखित जवाफ दिँदै वित्त राज्यमन्त्री श्री श्री पंकज चौधरीले तत्काल भुक्तानी सेवा र राष्ट्रिय इलेक्ट्रोनिक टोल सङ्कलनमा पनि उल्लेखनीय वृद्धि भएको बताउनुभयो। उहाँले RuPay डेबिट कार्ड र BHIM-UPI मार्फत लेनदेनमा गत आर्थिक वर्षमा साढे तीन हजार करोडको कारोबार गरेको बताउनुभयो।

## 4. PM Internship Scheme

सरकारले भनेको छ , अक्टोबर 3, 2024 मा  PM इंटर्नशिप योजनाको सुरुवात भएपछि देशभरबाट छ लाख भन्दा बढी आवेदनहरू प्राप्त भएको छ। आज लोकसभामा लिखित जवाफमा, कर्पोरेट मामिला राज्यमन्त्री श्री हर्ष मल्होत्राले यस योजनाबारे जनतामा ठूलो उत्साह रहेको बताउनुभयो। श्री मल्होत्राले पहिलो चरणमा यी कम्पनीहरूले ८० हजारभन्दा

बढी उम्मेदवारलाई इन्टर्नशिपको प्रस्ताव गरेकोमा २८ हजारभन्दा बढी उम्मेदवारले स्वीकार गरेको बताउनुभयो।

## 5. Railway Budget Allocation

केन्द्रीय रेल मन्त्री श्री अश्विनी वैष्णवले भन्नुभएको छ, रेलवेका लागि यस वर्षको बजट आबंटन राशि दस हजार चार सय चालिस करोड़ निर्धारित गरिएको छ। आज साँझ भर्चुअल रूपमा पत्रकारहरूलाई सम्बोधन गर्दै उहाँले सुंरूग र पुलहरूको कारणले सिक्किम अनि जम्मू काश्मीर जस्ता राज्यहरूमा चुनौती भए तापनि पूर्वोत्तर सीमान्त रेलवे अधीन पर्ने आसाम र अन्य पूर्वोत्तर राज्यका विभिन्न परियोजनाहरूमाथि काम भइरहेको जानकारी दिनुभयो। रम्फु गान्तोक रेल सम्पर्क सम्वन्धमा सिक्किमका एकजना पत्रकारले सोधेको प्रश्नको उत्तर दिँदै श्री वैष्णवले भन्नुभयो, यसका लागि सर्वेक्षण र विस्तृत परियोजना रिपोर्ट तयार पार्ने काम भइरहेकाले परियोजना समाप्तिको मितिवारे अहिले केही भन्न सकिँदैन। तथापि उहाँले विभिन्न परियोजनाहरूद्वारा पूर्वोत्तरमा सम्पर्क व्यवस्थाले क्षेत्र लाभान्वित हुने आश्वासन दिनुभएको छ।

## 6. Mahakumbha

वसन्त पञ्चमीका अवसरमा आज प्रयागराजको महाकुम्भमा दिउँसो १२ बजेसम्म १ करोड २५ लाखभन्दा बढी भक्तजनले संगममा पवित्र स्नान गरेका छन् । महाकुम्भको तेस्रो अमृत स्नान जारी छ भने संगममा पवित्र स्नान गर्न लाखौं भक्तजन आउने क्रम जारी छ । आज बिहान गंगा आरतीमा पनि ठूलो संख्यामा मानिसहरु सहभागी भएका थिए ।

## 7. Grammy - Tondon

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज संगीतकार चन्द्रिका टण्डनलाई उनको एल्बम त्रिवेणीका लागि ग्रामी अवार्ड जितेकोमा बधाई दिनुभयो। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले सुश्री टन्डनलाई भारतीय संस्कृतिप्रति उनको प्रेम अनि एक उद्यमी, परोपकारी र संगीतकारको रूपमा उनका उपलब्धिहरूको प्रशंसा गर्नुभयो। प्रधानमन्त्रीले संगीतकार चन्द्रिका टंढन धेरै मानिसका लागि प्रेरणाको स्रोत हो भन्नुभयो। ६७ औं वार्षिक GRAMMY अवार्डहरू लस एन्जलसमा प्रस्तुत गरिएका थिए।

## 8. Sports News

उत्तराखण्डमा जारी ३८औँ राष्ट्रिय खेलकुदमा महिलातर्फ ५० मिटर थ्री पोजिसन सुटिङ्मा पञ्जाबकी सिफत कौर साम्राले स्वर्ण पदक जितेकी छन् । पुरुष १० मिटर एयर पिस्टलमा कर्नाटकका १५ वर्षीय जोनाथन गेभिन एन्टोनीले स्वर्ण पदक जिते । पदक तालिकामा सर्विसेज १८ स्वर्णसहित पहिलो, कर्नाटक १७ स्वर्णसहित दोस्रो र महाराष्ट्र १३ स्वर्णसहित तेस्रो स्थानमा छ । महिला U-19 टी–२० क्रिकेट विश्वकप विजेता भारतीय टोलीका चार खेलाडी टिम अफ द टुर्नामेन्टमा परेका छन् । जसमा प्रतियोगिताका खेलाडी जी त्रिशा, जी कमलिनी, आयुषी शुक्ला र वैष्णवी शर्मा रहेका छन् । आइतबार भएको खेलमा दक्षिण अफ्रिकालाई ९ विकेटले पराजित गर्दै भारतले लगातार दोस्रो पटक विश्वकपको उपाधि जितेको हो । यसैबीच, भारतीय क्रिकेट कन्ट्रोल बोर्ड - बीसीसीआईले टोलीलाई ५ करोड रुपैयाँ नगद पुरस्कार दिने घोषणा गरेको छ ।